यस मिथिला नगरपालिकाका नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षता निम्न अनुसारको उपस्थितमा मिति २०८२।१२।०६ गते शुक्रवार दिनको २:०० बजे नगरपालिकाको सभा हलमा तपसिल वमोजिमका प्रस्तावहरुमा छलफल गर्नका लागि नगर कार्यपालिकाको बैठक बसियो।

<u>उपस्थिति</u>

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | उप-प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो कोइरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री चन्द्र बहादुर बुलन तामाङ्ग | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री राम बहादुर स्याङ्गदान | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री बिरेन्द्र महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री मिना पजियार | कार्यपालिका सदस्य | |
| १६ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | |
| १७ | श्री कौशिल्या देवी | कार्यपालिका सदस्य | |
| १८ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | |
| १९ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री हरि शंकर यादब | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

**मिति २०८२।१२।०६ गते**

**बैठकका प्रस्तावहरु:**

प्रस्ताव नं.१) समुदायिक विधालयहरुमा वजेट तथा कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२) वितरण दर्ता अपरेटरको म्याद थप तथा पारिश्रमिक सम्बन्धमा ।

प्रस्ताव नं.३) प्रशासकीय भवन निर्माणको ठेक्का सूचना प्रकाशन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४) कानुन तथा कार्यविधि निर्माण सम्बन्धमा ।

प्रस्ताव नं.५) विविध सम्बन्धमा।

# मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको निर्णयहरु

## मिति २०८२।१२।०६ गते

**बैठकका निर्णयहरु:**

निर्णय नं.१) प्रस्ताव नं १ मा छलफल गर्दा मिथिला नगरपालिका अन्तर्गत संचालित सामुदायिक विधालयहरुमा वजेट तथा कार्यक्रम संचालन गर्ने देहाय अनुसार निर्णय पारित गरियो।

**देहाय**

१.१ मिथिला नगरपालिकाको नगर स्तरिय/वडा स्तरिय सामुदयिक विधालयमा कार्यान्वयन हुने पुर्वाधारका योजना सम्बन्धित विधालयलाई नै सार्वजानिक खरिद/नियमावली वमोजिम कार्यान्वयनका लागि अधिकार दिने।

१.२ सर्शत कार्यक्रम अन्तर्गत विधालयको पुर्वाधार निर्माण कार्यक्रम श्री महेन्द्र माध्यमिक विद्यालयमा कार्यान्वयन गर्ने ।

१.३ SIP स्वीकृत गर्ने ।

निर्णय नं.२) प्रस्ताव नं २ मा छलफल गर्दा वितरण दर्ता अपरेटरको म्याद थप तथा पारिश्रमिक सम्बन्धमा जिल्ला प्रशासन कार्यालय धनुषाको चलानी नम्वर ५९९९ मिति २०८२।०९।२० गतेको पत्रको सन्दर्भमा विवरण दर्ता अपरेटर मनोज कुमार गुप्तालाई २०८२।०९।२१ गते देखि लागू हुने गरी दैनिक ज्यालादारीमा प्रति दिन १२००।०० का दरले पारिश्रमिक उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं ३ मा छलफल गर्दा प्रशासकीय भवन निर्माणको ठेक्का सूचना प्रकाशन गर्ने सम्बन्धमा प्राविधिक शाखाले पेश गरेको लागत अनुमान स्वीकृत गरी सोही अनुसार प्रशासकीय भवन निर्माणको सूचना प्रकाशन गरी ठेक्का प्रकृया अगाडी वढाउन निर्णय पारित गरियो ।

निर्णय नं.४) प्रस्ताव नं ४ मा छलफल गर्दा कानुन तथा कार्यविधि निर्माण सम्बन्धमा देहाय अनुसार गर्ने निर्णय पारित गरियो।

**देहाय**

१. मिथिला नगरपालिका छात्रवृत्ति कार्यविधि,२०८२ स्वीकृत गर्ने ।
२. सिचाई प्रणालीमा विधुत महसुलमा अनुदान कार्यविधि, २०८२ स्वीकृत गर्ने ।
३. मिथिला नगरपालिकाको कृषि अनुदान वितरण कार्यान्वयन कार्यविधि, २०८२ स्वीकृत गर्ने ।
४. वाल अधिकार संरक्षण सम्वर्द्धन तथा प्रवर्द्धन सम्बन्धी एकिकृत कार्यविधि, २०८२ स्वीकृत गर्ने।

निर्णय नं.६) प्रस्ताव नं ६ मा छलफल गर्दा विविध सम्बन्धमा देहाय अनुसार निर्णय पारित गरियो।

**देहाय**

१. सर्शत अनुदान तर्फको जेष्ठ नागरिक पार्क तथा वाल उधान निर्माण कार्यक्रम यस मिथिला नगरपालिकाको वडा नं १० मा निर्माणाधीन जेष्ठ नागरिक उधान तथा विश्राम स्थालमा कार्यान्वयन गर्ने ।

२. गत विगत देखि सामुदायिक विधालयहरुमा कार्यरत कम्प्युटर शिक्षक तथा निजि स्रोतको शिक्षकको तलव भत्ता सम्बन्धित विधालयले सिफारिस गरे वमोजिम मिति २०८२ साल कार्तिक १ गते देखि २०८२ साल चैत्र मसान्तसम्मको रकम विधालयहरुको खातामा निकासा दिने तथा चैत्रमसान्त पछि कम्प्युटर शिक्षक तथा निजि स्रोतको शिक्षकको सम्झौता स्वतह रद्ध हुनेछ ।

३. मिथिला नगरपालिका क्षेत्र भित्र रहेको नदिजन्य पदार्थको ठेक्का वन्दोवस्ती भई निरिसा कन्ट्रक्सन प्रा.लि. र यस नगरपालिका विच भएको सम्झौतालाई अनुमोदन गर्ने ।

४. श्री रा.आ.वि श्रीपुरको निजि स्रोतको शिक्षकको आर्थिक वर्ष २०८०।०८१ को तलव भत्ता सम्बन्धित विधालयले सिफारिस गरे वमोजिम रकम विधालयहरुको खातामा निकासा दिने ।

५. दरवन्दी मिलान समितिले निधारण गरे वमोजिम आवश्यक स्वयम् सेवक शिक्षक तथा मिथिला नगरपालिकाको रिक्त श्रेणी विहिन पदमा पदपुर्तिको लागि विज्ञापन गर्ने ।